# आदर्शवाणी

**खोक्रा शब्दहरु भन्दा शान्ति दिने एक शब्द नै उत्तम हुन्छ।**

**- गौतम बुद्ध**

## सम्पादकीय

# कुलमान हटाइए

सरकारले लामो समयको चर्चा-परिचर्चा र वादविवादपछि नेपाल विद्युत् प्राविधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाएको छ । सरकारले त्यो निर्णय सोमबार बसेको मन्त्रिपरिषदको बैठकले गरेको हो। यसअघि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री दीपक खड्काले उनीसँग पटकपटक स्पष्टीकरण सोधेका थिए । केही महिना पहिलेदेखि मन्त्री खड्का र कार्यकारी निर्देशक घिसिङबीच वैमनस्यता बढ्दै गएको थियो । जुन कुरा सडकमा छताछुल्ल पोखिएको थियो । त्यसले नराम्रो सन्देश प्रवाह गरेको थियो । तिनीहरुको सम्बन्धले नराम्रो सन्देश थालेपछि हामी यस स्तम्भबाट प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवालाई तिनीहरुलाई दबाब दिन भनेका थियौं। घिसिङलाई निष्कासन गरेपछि त्यसको तीव्र प्रतिक्रिया प्रकट भइरहेका छन् । सरकारको यो निर्मम प्रहार हो ।

सरकार कहिलेकाहीँ अविवेकी हुन्छ र राष्ट्रसेवक एवं बौद्धिक व्यक्तिहरुमाथि त्यस्तो प्रहार गर्दछ । जसबाट निरपराध व्यक्तिहरु मर्माहत भएका उदाहरण छन् । कुनै बेला सरकारले त्रिभुवन विश्वविद्यालयका उपकुलपति केदारभक्त माथेमालाई पदबाट हटायो । उनको के दोष थियो भने उनले पोखराको मणिपाल शिक्षण अस्पताललाई त्यसको पूर्वाधार नभएकाले सम्बन्धन दिन इन्कार गरेका थिए। त्यसको पढाइ सुरु भएको लामो समयसम्म कुनै अस्पताल थिएन । विद्यार्थीले प्राक्टिकल गर्ने ठाउँ थिएन । तैपनि सम्बन्धन दिनुपर्नेमा उनीमाथि दबाब बढेको थियो । त्यस्तैगरी, काठमाडौ विश्वविद्यालयलाई सिंगापुर मलेसियाको विश्वविद्यालयजस्तै बनाउन अथक परिश्रम गरी लागपरेका तत्कालीन उपकुलपनि सुरेशराज शर्मा पनि अविवेकी निर्णयको शिकार भएका थिए । उनले छोडेपछि त्यो विश्वविद्यालय एकपछि अर्को विवादमा फस्दै गएको सर्वविदितै छ। त्यस्तै अविवेकी निर्णयको शिकार तत्कालीन प्रधानसेनापति रुकमाङ्गत कटुवाल पनि भएका थिए । तर त्यसबेला त्यत्ति धेरै हल्ला भयो र राजनीतिक दबाब भयो कि सरकारले नै राजीनामा गर्नुपऱ्यो।

प्रस्तुत विषय अलोकप्रिय निर्णय पनि हो । घिसिङ देशकाट लोडसेडिङ हटाउने मान्छे हो, यो सर्वविदितै छ । त्यस्तो मानिसलाई यसरी हटाउन नहुने हो। सकारले त्यो निर्णयको विरोध बढ्दै गएको छ। यत्तिसम्म कि सत्तारुढ पार्टीका पदाधिकारीहरुले समेत त्यसमा असन्तोष जाहेर गरेका छन् ।

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

यस **भद्रकाली माध्यमिक विद्यालय** पोखरा-१३, कुँडहरमा नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभागद्वारा स्वीकृत प्राप्त व्यवसायिक तालिम तथा प्राविधिक शिक्षा परिषद् अन्तर्गतको स्वास्थ्य विज्ञानमा प्रविणता प्रमाणपत्र उत्तीर्ण गरिसकेका विद्यार्थीहरुका लागि उच्च माध्यमिक तहको समकक्षता प्राप्त गरी स्नातक तह अध्ययन गर्नका लागि तयार पारिएको **पूर्वावश्यक पाठ्यक्रम (Prerequisite Curriculum)** मा भर्ना खुलेको जानकारी गराइन्छ ।

**नयाँ शैक्षिक सत्र २०८२ को**

**भर्ना हुने अन्तिम मिति:** २०८२ बैशाख ५ गते शुक्रबारसम्म
**कक्षा संचालन मिति:** २०८२ बैशाख ८ गते सोमबारबाट

विद्यालय प्रशासन
**भद्रकाली माध्यमिक विद्यालय**
पोखरा-१३, कुँडहर, फोन नं.: ०६१-५८३७८७
मो. ९८५६०१२१६७, ९८४६०५९४५१, ९८५६०३३४१४

## निक्षेप रकम उपर हकदाबी गर्न आउने ३५ दिने सूचना

अजिर सिँह गुरुङको छोरी भद्र बहादुर गुरुङको छोराबुहारी कुल बहादुर गुरुङको पत्नी गण्डकी प्रदेश स्याङ्जा जिल्ला पुतलीबजार न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल गण्डकी प्रदेश कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १५, नयाँगाउँ बस्ने श्रीमती चन्द्र सुवा गुरुङको यस नेपाल एसबिआई बैंक लिमिटेड, सृजनाचोक शाखामा खाता नं. १८३१५२४०३०१३४३ संचालन गर्दै आउनु भएकोमा मिति वि.सं. २०८१/०४/३० मा निज खातावाला श्रीमती चन्द्र सुवा गुरुङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा श्री सन्त बहादुर गुरुङ्गले मृत्यु दर्ता र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक श्रीमती चन्द्र सुवा गुरुङको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको सृजनाचोक शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

**सृजनाचोक शाखा**
**पोखरा, कास्की, गण्डकी प्रदेश**
**फोन नं. : ०६१-५७८५१५, ५७८०८०**

## निक्षेप रकम उपर हकदाबी गर्न आउने ३५ दिने सूचना

गौरे थापाको नाति, सदिमान थापाको छोरा तुल्सी थापाको श्रीमान गण्डकी प्रदेश स्याङ्जा जिल्ला गल्याङ नगरपालीका वडा नं. ९ बस्ने नर बहादुर थापाले यस शाखामा पेन्सन खाता नं १९८१५२४०३०१०९८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१।१०।१९ मा निज खातावाला नर बहादुर थापाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने तुल्सी थापाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११बमोजिम निज मृतक नर बहादुर थापाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको वालिङ शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेतसूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

**वालिङ शाखा,**
**वालिङ ०८, स्याङजा**
**फोन नम्बर ०६३–४४१५४०**

## कागजपत्र हरायो

मिति २०८१ चैत महिनामा दुगेलौंडाबाट काठमाडौं जाने क्रममा भारतीय सेनाबाट जारी गरिएको केशबहादुर गुरुङको नामको डिस्चार्ज बुक, पेन्सन पट्टा र राहदानी समेत भएको कालो रङको झोला हराएको हुँदा भेटाउनुहुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा अथवा केशबहादुर गुरुङ मोबाइल नं. ९८१६६९५७६६ मा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

## सर्टिफिकेट हरायो

पोखरा पृथ्वीचोकबाट लेखनाथ जाने क्रममा मिति २०८१।१२।०१ गते हेमन्त तिवारीका नाममा राष्ट्रिय परीक्षा बोर्डबाट जारी गरिएको ७४२७५२१२० नं को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेटाउनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा ९८६४७३४१०० मा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

## कर्मचारी आवश्यकता

हाउस किपिङ-१ (महिला)
अलराउण्ड-१ (पुरुष)
नाइट रिसेप्सन-१
ड्राइभर (EV Taxi)-१

सम्पर्क
**होटल साइलेन्टपिक**
लेकसाइड, बैदाम
०६१-४५२८५७, ४५१९७७

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं ३ स्थित तुलसीघाट संरक्षण योजनाको तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरूमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**योजनाको नाम:** तुलसीघाट संरक्षण योजना
**उपभोक्ता समितिको नाम:** तुलसीघाट संरक्षण योजना उपभोक्ता समिति
**योजनाको कुल लागत:** रु.१२,१६,०००।-
**सम्झौता मिति:** २०८१/०९/११
**योजना सुरु मिति:** २०८१/०९/१२
**योजना सम्पन्न भएको मिति:** २०८२/०२/३०
**नगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम :** रु. १०,००,०००।-
**उपभोक्ता समितिबाट:** रु. २,१६,०००।-
**जम्मा खर्च:** रु. १२,१६,०००।-

**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्ष:** सहदेव बानिया
**उपाध्यक्ष:** अष्टमान प्रधानाङ्ग
**सचिव:** शारदा पौडेल
**कोषाध्यक्ष:** कृष्णबहादुर केसी कार्की
**सह-सचिव:** लेखबहादुर राना
**सदस्यहरू:** नारायणप्रसाद ढकाल, सुशीला श्रेष्ठ, वसन्त उदास, रजनी श्रेष्ठ

**अनुगमन समिति**
**संयोजक**
राजेन्द्र ताम्राकार
**सदस्य:**
गौमाया क्षेत्री
तेजेन्द्र राना मगर

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १५ स्थित इमान्युयल स्कुलदेखि अमिनतारा बाटो निर्माणको तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरूमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**योजनाको नाम:** इमान्युयल स्कुलदेखि अमिनतारा बाटो निर्माण
**उपभोक्ता समितिको नाम:** इमान्युयल स्कुलदेखि अमिनतारा बाटो निर्माण उपभोक्ता समिति
**योजनाको कुल लागत:** रु. ११,७६,४४१।-
**सम्झौता मिति:** २०८१/१०/२१
**योजना सुरु मिति:** २०८१/१०/२५
**योजना सम्पन्न भएको मिति:** २०८१/१२/०५
**प्राविधिक अनुसार बाटोको लम्बाइ :** १९१ मिटर
**नगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम :** रु. १०,००,०००।-
**उपभोक्ता समितिबाट:** रु. १,७६,४४१।-
**जम्मा खर्च:** रु. ११,७६,४४१।-

**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्ष:** खिमबहादुर नेपाली
**उपाध्यक्ष:** डल्ली सुनार
**सचिव:** सन्तोष विश्वकर्मा
**कोषाध्यक्ष:** शिवराम क्षेत्री
**सदस्यहरू:** स्नेहा चौधरी, तिर्सना राना, मिठु नेपाली

**अनुगमन समिति**
**संयोजक**
बलराम पौडेल
(वडा प्रतिनिधि)
**सदस्य:**
हिरामती नेपाली
विमला गिरी

Gandaki Province Government
**Ministry of Physical InfrastructureDevelopment & Transport Management**
**Infrastructure Development Directorate**
## Infrastructure Development Office, Syangja

## INVITATION FOR BIDS

Date of Publication: 2081-12-13 (2025March 26)

Infrastructure Development Office, Syangja invites online bids under e-procurement system from eligible bidders for the construction of the projects mentioned below under National Competitive Bidding procedures.

| S. No. | Name of Project | Contract ID | Estimated Cost in NRs. (Inclusive of VAT ) | Bid Security (NRs) | Cost of Bid Document (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Fabrication, Supply, Transportation, Construction and Erection of Madi Barkanitar Kaseni Trail Bridge Through Construction Turnkey Package (CTP) | IDOSYANGJA/ W/TB/CTP/01/ 081/082 | 4,307,391.63 | 95,000.00 | 3,000.00 | Single Envelope -NCB |
| 2 | Fabrication, Supply, Transportation, Construction and Erection of Bumdi Lalahi and Balamdi Jodne Trail Bridge Through Construction Turnkey Package (CTP) | IDOSYANGJA/ W/TB/CTP/02/ 2081/082 | 4,662,259.20 | 110,000.00 | 3,000.00 | Single Envelope -NCB |
| 3 | Fabrication, Supply, Transportation, Construction and Erection of Charang dekhi Dhuwadi Khola - Saunadi Trail Bridge, Bhirkot Through Construction Turnkey Package (CTP)1 | IDOSYANGJA/ W/TB/CTP/03/ 2081/082 | 4,930,417.83 | 110,000.00 | 3,000.00 | Single Envelope -NCB |
| 4 | Fabrication, Supply, Transportation, Construction and Erection of Narayansthan Majuwa Trail Bridge Putalibazar 1,3 Through Construction Turnkey Package (CTP) | IDOSYANGJA/ W/TB/CTP/04/ 2081/082 | 4,357,377.51 | 95,000.00 | 3,000.00 | Single Envelope -NCB |
| 5 | Fabrication, Supply, Transportation, Construction and Erection of Ghurlechaur- Bahundanda- Chilaudi Khola Trail Bridge, Chapakot Through Construction Turnkey Packages (CTP) | IDOSYANGJA/ W/TB/CTP/05/ 2081/082 | NA | 6,00,000.00 | 5,000.00 | Double Envelope -NCB |
| 6 | Construction of Fedikhola Paire Khatriraha Bakhre Tilswara Gramin Sadak Motorable Bridge Fedikhola-Syangja | IDOSYANGJA/ NCB/W/BRD/ 01/2081/82 | NA | 9,50,000.00 | 5,000.00 | Double Envelope -NCB |

Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank:** Nepal Bank Limited,
**Name of Office:** Infrastructure Development Office, Syangja
**Office Code no. :** 3370143014
**Office Account no (Rajaswa).:** 27302000001001000001
**Rajaswa (revenue) Shirshak no. :** 14229
**Office Account no (In case of Cash Bid Security) :** KHA 23 – 07202000002003000001

All other information and Bid Documents can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

Office Chief, IDO Syangja

## आजको पञ्चांग

**ज्यो. गंगासागर उपाध्याय**
**मोबाइल : ९८५६०४१९२०**
**Youtube : GG TV Nepal**

विसं २०८१ साल चैत्र १३ गते बुधबार, तदनुसार इसं २०२५ मार्च २६ तारिख, कालयुक्तनाम संवत्सर, श्रीसूर्यउत्तरायण, वसन्त ऋतु । चान्द्रमान अनुसार चैत्रकृष्णपक्षको द्वादशी तिथि बेलुका १०:४५ बजेसम्म, त्यसपछि त्रयोदशी रहनेछ ।
नक्षत्र : धनिष्ठा बेलुका ११:५६ बजेसम्म, त्यसपछि शतभिषा र हनेछ ।
विष्कुंभादी योग : सिद्धि पूर्वान्ह ९:४३ बजेसम्म, त्यसपछि साध्य रहनेछ ।
आनन्दादी योग : मित्र ।ध
करण : कौलव पूर्वान्ह ११:२५ बजेसम्म, त्यसपछि गर रहनेछ ।
श्रीसूर्य : मीन राशिमा, चन्द्रमा : मकर राशिमा दिवा १२:१६ बजेसम्म रहनेछ ।
सूर्योदय : ६:०३ बजे, सूर्यास्त : बेलुका ६:१८ बजे हुनेछ ।
(आज : देउपाटनमा देशोद्धारपूजा, वारुणीयोग बेलुका ११:५६ बजेपछि, धनिष्ठा पञ्चक प्रारम्भ दिवा १२:१६ बजेपछि)
(भोलि : भद्रा वेलुका ९:०८ बजेपछि, प्रदोषव्रत, वारुणीयोग बेलुका ९:०८ बजेसम्म)

## राशिफल

**मेष** कामको सिलसिलामा यात्रा हुनेछ । नोकरीमा जिम्मेवारी बढ्नेछ । व्यावहारिक पक्ष सबल रहनेछ । आर्थिक लगानीले दीर्घकालीन लाभ लिन सकिनेछ । महत्वपूर्ण कार्यमा अतिथिको सत्कार पाइनेछ ।

**वृष** धार्मिक एवं सामाजिक कार्यबाट सम्मान मिल्नेछ । गुरुजनको साथ सहयोग पाइनेछ । कार्य क्षेत्रमा परिवर्तन ल्याउन सकिनेछ । व्यावहारिक पक्ष सबल रहनेछ । समग्रमा दिन उन्नतिकारक रहने देखिन्छ ।

**मिथुन** काम गरे अनुसार प्रतिफल मिल्ने छैन । आफन्तजनसँग नै विवाद पर्नेछ तर मध्यान्हपछि कार्यक्षेत्रमा परिवर्तन आउनेछ । सकारात्मक विचारको उदय हुनेछ । सम्मानजनक कार्य गर्न सकिनेछ ।

**कर्कट** रमाइलो माहोल बन्नेछ । व्यवसायमा नयाँ तौरतरिकाको प्रयो गले आयदर बढ्नेछ । मध्यान्हपछि विवाद पर्नेछ । स्वास्थ्यमा समस्या देखिनेछ । हतारमा नयाँ कार्यको आरम्भ नगर्नु नै ठीक हुनेछ ।

**सिंह** आजको दिन विशेष शुभकारक रहनेछ । मध्यान्हपछि स्वास्थ्यमा सुधार हुनेछ । कामको सिलसिलामा यात्रा हुनेछ । प्रतिस्पर्धात्मक क्रियाकलापमा उच्च स्थान मिल्नेछ । शत्रु पक्षहरु कमजोर बन्नेछन् ।

**कन्या** सकारात्मक सोचविचारको उदय हुनेछ । नयाँ ज्ञान मिल्नेछ । मध्यान्हपछि आर्थिक पक्षमा उन्नति हुनेछ । कामअनुसारको प्रतिफल मिल्नेछ । श्रममार्गबाट उचित लाभांश मिल्दा अघि बढ्ने हौसला थपिनेछ ।

**तुला** सामान्य कुरामा विवाद हुनेछ । शारीरिक आलस्यले गर्दा दैनिक कार्यमा समेत समस्या आउनेछ तर मध्यान्हपछि काम गर्ने माहोल बन्नेछ । सकारात्मक सोचविचारको उदय हुनेछ । पढाइमा मन जानेछ ।

**वृश्चिक** आकस्मिक लाभ मिल्नेछ । मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी भइनेछ । मध्यान्हपछि भने स्वास्थ्य कमजोर बन्नेछ । कामअनुसारको प्रतिफल मिल्ने छैन । सामान्य कुरामा नै विवाद बढ्ने देखिन्छ ।

**धनु** अचल वस्तुमा गरेको लगानीले पछिसम्म लाभ उठाउन सकिनेछ । बोलीको कदर हुनेछ । कुटुम्बको सहयोगमा कार्य थाल्दा काम बन्नेछ । सहोदरका व्यक्तिको सहयोगले काम बन्नेछ । हर्ष बढ्नेछ ।

**मकर** मनमा शान्तिको अनुभूति हुनेछ । महत्वपूर्ण कार्यको नेतृत्व गर्ने अवसर मिल्नेछ । धनसञ्चय गर्ने माहोल मिल्नेछ । बोलीकै भर मा काम कार्य बन्नेछन् । आर्थिक दृष्टिले दिन विशेष लाभकारी रहने देखिन्छ ।

**कुम्भ** अल्छी गर्नाले महत्वपूर्ण कार्यमा पछि परिनेछ । मानसिक तनाव बढ्नेछ तर मध्यान्हपछि काम गर्ने माहोल बन्नेछ । बोलीको कदर हुनेछ । ठूला व्यक्तिसँग संगत रहनेछ । स्वास्थ्यमा समेत सुधार हुनेछ ।

**मीन** आकस्मिक लाभले मन प्रफूल्लित हुनेछ । प्रेमभाव जागृत हुनेछ । समर्थकको साथले गर्दा रोकिएका काम बन्नेछन् । मध्यान्हपछि स्वास्थ्य कमजोर बन्नेछ । हतारको निर्णयले पछुताउनु पर्नेछ ।